ग) कुनै पनि राष्ट्रिय र अन्तराष्ट्रिय संघसंस्था वा व्यक्तिवाट प्राप्त चल अचल सम्पति
घ) समूहको सदस्यले जम्मा गर्ने हितकोष(वचत) रकम
ङ) समूहवाट ऋण लगानी गर्दा प्राप्त व्याज
च) समूहले अन्य संघ र संस्थाहरुवाट पाएको अवसरवाट समूह सदस्यले पाउने निश्चित पारिश्रमिकवाट .........प्रतिशत लेवी
छ) समूहले सदस्यले आफ्नो नामवाट गरेको हितकोष
ज) ऋण लगानी गर्दा प्राप्त ......... प्रतिशत सेवा शुल्क
झ) विलम्ब शुल्कवाट

(२) हितकोष :

क) श्री ..............................पोषण समूहको एक हितकोष हुनेछ ।
ख) ................................वैंकमा समूहको खाता रहनेछ ।

(३) हितकोष परिचालन :

(क) हितकोष रकम कम्तीमा ५० प्रतिशत कृषि कार्यमा संचालन गर्नु पर्नेछ ।
(ख) समूह सदस्यलाई आवश्यकता भएमा हितकोषवाट ऋण सापटी लिन सक्नेछ ।
(ग) समूहको ऋण लगानी गर्नु पूर्व ऋण उप(समिति गठन गर्नुपर्नेछ
(घ) तर सदस्यले ऋण माग गर्दा निवेदन (अनुसूचि(९) फारमको ढाँचामा दिनुपर्नेछ ।
(ङ) कृषि कार्यको लागि लिईएको ऋणमा ............... प्रतिशत व्याज लाग्नेछ ।
(च) मासिक व्याज मासिक हितकोष रकम एवं ऋणी सदस्यले तोकेको ऋण किस्ता प्रत्येक महिना वुझाउनु पर्नेछ ।
(छ) ऋण लिंदा ऋण रकमका ........प्रतिशत सेवा शुल्क वुझाउनुपर्नेछ ।
(ज) ........................वैंकमा समूह अध्यक्ष, सचिव र कोषाध्यक्षको संयूक्त दस्तखतवाट खाता सञ्चालन हुनेछ ।

(४) हितकोष परिचालनका उपायहरुलाई २ वर्गमा विभाजन गर्न सकिनेछ ।

(क) आवश्यक खर्च : आवश्यक खर्च भन्नाले देहाय वमेजिमको कार्यालय खर्च र प्रसाशनिक खर्च भन्ने जनाउदछ ।

- कार्यालय खर्च(कापी, कलम, विल, भौचर, फाईल, रजिष्टर, खाता पत्रपत्रीका)
- फर्निचर खर्च
- ढुवानी तथा घर भाडा
- अन्य संस्थासंग सदस्यता लिदा तिर्नुपर्ने खर्च र वार्षिक नविकरण खर्च
- लेखा परिक्षण खर्च
- कर्मचारी पारिश्रमीक खर्च
- साधारण सभा खर्च
- विविध, चिया नास्ता

(ख) आन्तरिक लगानी

